# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केबर, धनुषा (मधेश प्रदेश, नेपाल)


## सेवा करारमा लिने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति :२०७८/१२/२१

उपरौक्त समबन्धमा स्वास्थ्य सेवा बिभाग,इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा को प.स.२०७८/७९ च.न.८८८ मिति २०७८/१२/०६ को पत्रादेशानुसार यस मिथिला नगरपालिका अन्तर्गतका वडा न.११अन्तर्गत समुदाय स्तरमा ओलो परिक्षण कार्यक्रम संचालन गर्न तर्पाशलमा उल्लेखित पदका कर्मचारी सेवा करारमा लिन मिति २०७८/१२/१४ गते मा पहिलो पटक सूचना प्रकाशन गरिएकोमा रितपुर्वक निबेदन नआएकोले दोस्रो पटक सूचना प्रकाशन गरिएको छ। दोस्रो पटक सूचना प्रकाशन गरिएको मितिले रीतपूर्वक लोक सेवा आयोगको स्वीकृत ढाँचाको फाराममा भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र इच्छुक योग्य नेपाली नागरिकले दरखास्त दिनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सामुदायिक ओलो स्वास्थ्यकर्मी का लागि**

सूचना न : ०१ ०७८ ०७९( स्वास्थ्य )
पद : सामुदायिक ओलो स्वास्थ्यकर्मी
माग सख्या : १
दरखास्त फाराम दस्तुर : रु ७००।-

**फाराम भर्दा ध्यान दिनुपर्ने शर्तहरु**

- परिक्षको किसिम :- अन्तर्वार्ताद्वारा छनौट गरिने,
- पारिश्रमिक : नियमानुसार ।
- दरखास्त फाराम नगरपालिकाको राजस्व शाखामा तोकिएको दस्तुर तिरी सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म खरिद गर्न सकिनेछ ।
- फाराम रीतपूर्वक भरी खामबन्दी गरी ७ औं दिनको १२:०० बजेसम्म न.पा.को कार्यालयमा दाखिला गर्न सकिनेछ।
- स्वीकृत प्राप्त सस्थाबाट ल्याब असिस्टेन्ट (कम्तिमा १५ महिनाको कोर्ष उतिर्ण गरेको हुनु पर्छ।
- सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको नविकरण भएको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ।
- शैक्षिक योग्यताका प्रमाणपत्रहरु । अ. लब्धाकपत्र, आ. चारित्रिक प्रमाणपत्र, इ. विदेशी शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रतिलिपी एव दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।
- उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
- सम्पर्क मिति दरखास्त फाराम पेश गर्ने म्याद सकेको भोलिपल्ट ।
- अन्तर्वार्ताको मिति सम्पर्क मितिमा प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
मिथिला नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत




Scanned by TapScanner